# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, जेठ १४ गते २०४२ साल ( अतिरिक्ताङ्क ८ (क)

## भाग ३

### श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी नियमहरू, २०३४ को नियम ८ को उप-नियम (४) ले दिएको अधिकार प्रयोग गरी खण्ड ३४ मिति २०४१।४।१ अतिरिक्ताङ्क १९ (घ) को नेपाल राजपत्र भाग ३ पेज नं. ८ मा प्रकाशित यस मन्त्रालयको पैठारी इजाजतपत्र वापत लाग्ने इजाजत दस्तूरसम्बन्धी सूचनाको क्रमसंख्या २ को खण्ड (क) को सट्टा देहायबमोजिमको खण्ड (क) कायम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

(क) व्यक्ति विदेश गए नगएको जुनसुकै अवस्थामा पनि सामान झिकाउन कै लागि र औषधोपचार गर्न भनी प्राप्त गरेको सटही सुविधामा बाहेक श्री ५ को सरकारबाट वा सम्बन्धित निकायबाट सटही सुविधा प्राप्त व्यक्ति, काजमा जाने कर्मचारी, अध्ययनार्थ जाने विद्यार्थी र सभा, सेमिनार सम्मेलनमा जाने व्यवसायीहरूका निम्ति–१ प्रतिशत ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुने

902